# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ पुस १७ गते

## ग्यासलगायत पेट्रोलियम पदार्थको आपूर्ति सहज बनाऊ

विगत केही दिनयता बजारमा एलपी ग्यासलगायत पेट्रोलियम पदार्थको अभाव भइरहेको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगले जारी गरेको 'उपभोक्ताको मानव अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि अनुगमन मार्गनिर्देशिका, २०६८' मा पेट्रोलियम पदार्थ (एलपी ग्यास समेत) को पैठारी ढुवानी, भण्डारण तथा बिक्री-वितरणसम्बन्धी सेवालाई अत्यावश्यक सेवाको सूचीमा समावेश गरिएको स्मरण गराउँदै सोको नियमित र यथेष्ट आपूर्तिका लागि प्रभावकारी कदम चाल्न आयोग सरोकारवाला पक्षहरूको ध्यानाकर्षण गराउँदछ ।

पेट्रोलियम पदार्थको अभावले व्यक्तिको आवत-जावतको अधिकार तथा दैनिक जीवनयापन प्रक्रियामा समेत गम्भीर असर पर्ने तथ्य स्पष्ट छ । अतः पेट्रोलिय पदार्थको आपूर्तिलाई सहज बनाउनका लागि बिक्रेता तथा डिलरहरूको नियमित अनुगमन गरी कसैले कृत्रिम अभाव पैदा गरेको पाइएमा कानुनी कारबाहीको दायरामा ल्याउन र यस्ता अत्यावश्यकीय वस्तुहरूको सहज आपूर्तिको व्यवस्था अविलम्ब मिलाउन आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

मोहना अन्सारी
प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org